हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
प्रदेश नं. १, नेपाल

**करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०७९/०९/१४**

यस हरिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजनाका लागि तपसिल बमोजिमको पदमा सेवा करारमा कर्मचारी पदपुर्ति गर्नु पर्ने भएकोले आवश्यक योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रितपुर्वकको दरखास्त पेश गर्न हुन यो दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या | न्युन्तम शैक्षिक योग्यता | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | १०/२०७९/०८० | फिल्ड सहायक | सहायक चौथो | १ (एक) जना | एस.एल.सी. (SLC/SEE) वा सो सरह उतीर्ण गरेको | संक्षिप्त सूची (सर्ट लिस्ट) तथा अन्तवार्ता |

**१) दरखास्त दिने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, हरिनगरा, सुनसरी ।
**२) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, विदेशमा अध्ययन गरेको भए समकक्षताको प्रमाणित प्रतिलिपि तथा कार्य अनुभव सम्बन्धि कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
**३) दरखास्त दस्तुर बुझाउने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय, राजस्व शाखा, हरिनगरा, सुनसरी ।
**४) दरखास्त फाराम तथा छनौट मापदण्ड:** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा हरिनगरा, सुनसरी वा हरिनगर गाउँपालिकाको वेबसाइट www.harinagaramun.gov.np बाट प्राप्त गर्न सकिने छ ।
**५) दरखास्त दिने अन्तिम मिति :** २०७९/०९/२८ गते र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय सम्म ।
**६) दरखास्त फारम दस्तुर :** रु.५००।-
**७) उमेद्वारको उमेर हद तथा अन्य योग्यता:**

- दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
- सामाजिक परिचालन सम्बन्धि कार्यको अनुभव भएको
- सञ्चार दक्षता भएको
- अन्तरवैक्तिक सम्वाद दक्षता भएको
- समूहमा काम गर्न सक्ने
- इमेल, इन्टरनेट सम्बन्धि आधारभूत ज्ञान भएको

**९) छनौट विधि :** सेवा इकाईका कर्मचारी छनौट सम्बन्धि मापदण्ड, २०७६ को अनुसूची ५ बमोजिमको फिल्ड सहायक मुल्याङ्कनका मापदण्ड बमोजिम संक्षिप्त सूची (सर्ट लिस्ट) भई अन्तवार्ता हुने ।
**१०) पारिश्रमिक :** निजामती सेवाको राजपत्र अनंकित द्वितीय श्रेणी वा सो सरहको शुरु तलब स्केल बमोजिम हुनेछ ।
**११) कामगर्नु पर्ने अवधि :** आ.व. २०७९/०८० का लागि हुनेछ । सो पश्चात कार्यालयको आवश्यकता र उमेद्वारको कार्य सम्पादन क्षमताका आधारमा सम्झौता अवधि थप हुन सक्नेछ । तर यही करार नियुक्तिको आधारमा पछि अस्थायी वा स्थायी नोकरीका लागि कुनै किसिमको आधार वा दावी लाग्ने छैन ।
**१२) अन्तवार्ता मिति :** संक्षिप्त सूची (सर्ट लिस्ट) मा परेका उम्मेदारहरुको अन्तवार्ता मिति पछि तोकिने छ ।
१३) अन्य थप जानकारीका लागि कार्यालय समयमा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।